STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

महिला अधिकारलाई नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क ६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत १० गते बिहीबार ❑ 24 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पर्वतीय क्षेत्रको संरक्षण आवश्यक : प्रधानमन्त्री

**रासस**
**काठमाडौं, ९ चैत**

प्रधानमन्त्री शेरबहादुर देउवाले पर्वतीय क्षेत्र स्वच्छ पानी तथा प्राकृतिक स्रोतका रुपमा रहेको र पर्वतबाटै विश्वको भण्डै आधा जनसङ्ख्याले पानीका स्रोतहरु प्राप्त गरिरहेकाले पर्वतीय क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्नुपर्नेमा जोड दिनुभएको छ।

अन्तर्राष्ट्रिय दिगो पर्वतीय विकास वर्ष, २०२२ का सन्दर्भमा आजदेखि यहाँ सुरु भएको दिगो पर्वतीय समाधानसम्बन्धी क्षेत्रीय नीतिगत बहससम्बन्धी सम्मेलनको उद्घाटन गर्दै प्रधानमन्त्री देउवाले भनुभयो, "पर्वतहरु भनेका संसारको भण्डै आधा जनसङ्ख्याका लागि स्वच्छ पानीको स्रोत मात्र नभएर विश्वका समग्र जैविक विविधताको घर पनि हुन् भन्ने कुरा हामी मानवले मनन् गर्नुपर्छ ।" प्रधानमन्त्री देउवाले अहिले पर्वतीय क्षेत्रका मुलुकहरुले ठूला समस्याहरुको सामना गर्नु परिरहेको छ र यस्ता समस्याहरु प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनले पारेको असरका कारण उत्पन्न भएको उल्लेख गर्नुभयो । पर्वतहरु भनेका प्राकृतिक स्रोत तथा पर्यावरणीय सन्तुलनका स्रोतहरु हुन् भन्दै प्रधानमन्त्री देउवाले भनुभयो, "मानवीय जीवनको विकास तथा जीविकाका लागि पनि पर्वत र यसबाट प्राप्त हुने प्राकृतिक स्रोतहरुको ठूलो सहयोग रहेको छ, त्यसैले पर्वतीय क्षेत्रको विकास र संरक्षणका लागि सबै मानिस लाग्नुपर्छ ।" पछिल्लो समयमा कैयौं अध्ययनहरुले विश्वमा हाल बढ्दो जलवायु परिवर्तनका कारण देखिएको विश्वव्यापी उष्णताको तुलनामा पहाड पर्वतहरु बढी मात्रामा मारमा परेका देखाएको उहाँले उल्लेख गर्नुभयो । प्रधानमन्त्री देउवाले अहिलेका मानिस र पहाड पर्वतहरु एकै खालका समस्याहरुबाट गुज्रिएका छन् भन्दै यसका प्रमुख चुनौतीहरुमा गरिबी, खाद्य असुरक्षा, वातावरणीय विनाश, प्राकृतिक प्रकोपको जोखिम नै अहिलेका प्रमुख समस्या रहेको बताउनुभयो । हिउँ पग्लिने, हिमनदी पग्लिने, बढ्दो खडेरी, अस्वभाविक वर्षा, बाढी र पहिरो आदिका कारण पहाड पर्वतलाई बढी मात्राम प्रभाव परेको भन्दै प्रधानमन्त्री देउवाले मानवीय जीवन र पर्यावरणीय सन्तुलनमा पहाड र पर्वतको महत्वका बारेमा विश्वव्यापी रुपमा नै चेतनामूलक कार्यक्रममा सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेपालले धेरै अघिदेखि नै दिगो पर्वतीय विकासको एजेण्डालाई प्राथमिकतामा राखेको भन्दै प्रधानमन्त्री देउवाले स्कटल्याण्डको ग्लास्गोमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप २६) मा पनि नेपालले यस विषयलाई निकै प्राथमिकताका साथ अघि सारेको दृष्टान्त पेश गर्नुभयो । उहाँले भनुभयो, "नेपाल सरकारले पर्वतीय क्षेत्रको महत्व र आवश्यकताका विषयमा आवश्यक नीति निर्माणका लागि काम गरिरहेको छ ।" प्रधानमन्त्री देउवाले यो एजेण्डालाई विश्वव्यापी बनाउनका लागि नेपालले विश्वका पर्वतीय मुलुकहरुसँगको साथ सहयोग र समन्वय खोजेको पनि बताउनुभयो । उहाँले भनुभयो, "विश्वका पर्वतीय मुलुकहरुको यो साझा चासो सम्बोधन गर्न अन्तर ष्ट्रिय मञ्चहरुमा नेपालले यो एजेण्डालाई प्राथमिकताका साथ उठाइरहने छ ।" यस वर्ष पर्वतीय क्षेत्रका स्रोतहरुको दिगो प्रयोग तथा पर्वतको महत्व र संरक्षणका विषयमा सचेतना जागृत गर्ने काम गरिने विषयमा आफू विश्वस्त रहेको प्रधानमन्त्रीले धारणा राख्नुभयो ।

## महंगी नियन्त्रणमा प्रदेश सरकारको चासो

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ चैत**



पछिल्ला दिनमा विभिन्न बहानामा मूल्यवृद्धि भएको गुनासो आएपछि यसको नियन्त्रणका लागि गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले विशेष चासो देखाएका छन्। यसका लागि पहिलो चरणमा मुख्यमन्त्री पोखरेलले बुधबार सरकारी अधिकारी र उपभोक्ता अधिकारकर्मीसँग छलफल समेत गरेका छन्।

मुख्यमन्त्री पोखरेलले बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि, डलरको भाउ बढेको, रुस र युक्रेनबीचको युद्धको कारण देखाएर बजारमा अस्वभाविक महंगी बढेको गुनासो आएपछि नियन्त्रणका लागि पहल थालिएको बताए। उनले भने, 'महंगी बढेको छ, हामी सबै यसबाट पीडित छौं, यसलाई नियन्त्रण गर्न एकल प्रयासले सम्भव छैन, ३ तहकै सरकारबीच समन्वय जरुरी छ । उक्त छलफलपछि मुख्यमन्त्रीको निर्देशन अनुसार ३ बुँदे निर्णय गरिएको छ । महंगी नियन्त्रणका लागि प्रदेशको पर्यटन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सबै सरोकारवालाई आमन्त्रण गरी छलफल गर्ने निर्णय भएको निमित्त प्रमुख सचिव रामप्रसाद आचार्यले जानकारी दिए । उनका अनुसार प्रदेशस्तरीय बजार अनुगमन समितिले बजार अनुगमन कार्यालय प्रभावकारी बनाउन प्रदेशस्तर, जिल्लास्तर र स्थानीयस्तरका बजार अनुगमन समितिबीच समन्वय कायम गरी बजार अनुगमन गर्ने व्यवस्था मिलाउने निर्णय भएको छ। यसैगरी जिल्लास्तरीय बजार अनुगमन समितिलाई सक्रिय बनाउन ११ वटै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गर्ने निर्णय समेत उक्त बैठकले निर्णय गरेको छ । बैठकमा पर्यटन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कँडेलले अनियन्त्रित बजार भाउलाई काबुमा राख्न उपभोक्ता सचेतनाका साथै क्षमता अनुसार नियमित अनुगमन गर्दै आएको बताए । प्रदेशको उद्योग, वाणिज्य तथा उपभोक्ता हित निर्देशनालयको सक्रियतामा कास्की र आसपासका जिल्लामा अनुगमन हुने गरेको छ। बैठकमा पर्यटन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कँडेलले प्रदेशले अनुगमन गर्दै आए पनि कतिपय अवस्थामा कानुनी जटिलता रहेको भन्दै ती जटिलताको अन्त्य हुनुपर्ने भनाइ राखे । उपभोक्ता मञ्च गण्डकी अध्यक्ष कपिलनाथ कोइरालाले बजार अनुगमनका क्रममा अधिकतम खुद्रा मूल्य (एमआरपी) मा लापरवाही देखिएको बताए । 'उही कम्पनीको उत्पादित सामानको मूल्य आजको भोलि नै फरक गरेर पठाएको पाइएको छ, यसरी एमआरपी बदल्ने पद्धतिको नियन्त्रण गर्ने निकाय सक्रिय हुनुपर्‍यो ।' गण्डकी प्रदेश सरकारले बजार अनुगमन निर्देशिका नै पारित गरेर अनुगमनको काम गर्दै आएको बताए । यसमा उपभोक्ता पनि सचेत भए बजार भाउ नियन्त्रण गर्न सघाउने पुने अनुभव उनले सुनाए। कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिवराज रिजालले विभिन्न निकायको सहयोग लिएर नियमित रुपमा बजार अनुगमन हुँदै आएको बताए । पोखरामा मिनरल वाटरमा कार्टेलिङका कारण मंहगी बढेको पाइएको उनले जानकारी गराए । पानी उत्पादकहरुको संघले नै बजार मूल्य नियन्त्रणमा राख्ने गरेको उनले सुनाए ।

प्रशासनले यसको लागि आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाएको उनले बताए । कार्यक्रममा मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोला, आन्तरिक मामिला सचिव बद्रिनाथ अधिकारी, नेपाल प्रहरीका प्रदेश प्रहरी प्रमुख डिआइजी दिवेश लोहनी, राष्ट्रिय अनुसन्धान विभाग गण्डकी प्रदेशका निर्देशक कुलदेव थापा लगायत बजारमा देखिएका समस्या र समाधानका उपायका बारेमा भनाइ राखेका थिए ।

## मन्त्री आलेको निमन्त्रणा सलमान खानद्वारा स्वीकार, सगरमाथा आरोहण गर्ने प्रतिबद्धता

**रासस**
**काठमाडौं, ९ चैत**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि भारतीय अभिनेता सलमान खानलाई निमन्त्रणा दिनुभएको छ।

ओडिसी इन्टरटेनमेन्ट परिवार लाजिम्पाटले आज सोल्टी होटलमा आयोजना गरेको मन्त्री आले र अभिनेता सलमानबीचको भिडियो संवादमा मन्त्री आलेले सगरमाथा आरोहणका लागि निमन्त्रणा दिनुभएको थियो। उक्त संवादका क्रममा मन्त्री आलेले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि आउन आफूले निमन्त्रणा दिएको बताउनुभएको थियो । उहाँले भनुभयो, "सलमानजी सगरमाथा विश्वमै सर्वोच्च शिखरका नामले चर्चित छ, सगरमाथा आरोहणसहित सगरमाथा क्षेत्रमा हवाइयात्रा गर्नका लागि म निमन्त्रणा गर्दछु ।"

सोही संवादका क्रममा मन्त्री आलेले नेपालमा तपाईंका धेरै प्रशंसक रहेका र नेपालमा आएर यहाँका विभिन्न पर्यटकीय क्षेत्रमा टिभी सो सुटिङ गर्न पनि खानलाई आग्रह गर्नुभयो । पछिल्लो समय नेपालमा कोभिड-१९ को सङ्क्रमण करिबकरिब शून्य जस्तै बनेकाले नेपाल अहिले खुला भएकोसमेत जानकारी गराउनुभयो। नेपाल कला, संस्कृति तथा पर्यटनका दृष्टिकोणले निकै धनी मुलुक भएकाले यहाँको पर्यटन प्रवर्द्धनका लागि भए पनि नेपालमा आएर आफ्ना टिभी सो तथा चलचित्र छायाङ्कन गरिदिन सलमानसहित अन्य कलाकारलाई मन्त्री आलेले आग्रह गर्नुभएको थियो। सोही क्रममा मन्त्री आलेले सलमान खानका 'बिबी हो तो ऐसी, तेरे नाम, दबङ, टाइगर अभी जिन्दा हे' जस्ता चलचित्रका बारेमा प्रशंसा गर्नुभएको थियो।

मन्त्री आलेले दिनुभएको निमन्त्रणा स्वीकार गर्दै भारतीय अभिनेता खानले आफू नेपाल आउने र विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने बताउनुभयो। उहाँले भनुभयो, "म केही समयमा नेपाल आउँछु, तपाईंले दिनु भएको निमन्त्रणाअनुसार सगरमाथा आरोहण गर्नेछु र भ्रमण गर्नेछु।" यसैगरी अभिनेता खानले मन्त्री आलेको यो प्रस्तावलाई सकारात्मकरूपमा लिँदै नेपाल सुन्दर देश रहेको र यसको पर्यटन प्रवर्द्धनमा आफ्नो तर्फबाट सहयोग गर्ने वचनबद्धता

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रधानमन्त्री देउवा बिहीबार तनहुँ आउनु हुने

**पोखरापत्र संवाददाता**
**दमौली, ९ चैत**

प्रधानमन्त्री शेरबहादुर देउवा बिहीबार तनहुँ आउने हुनुभएको छ।

जिल्लाका विभिन्न ठाउँमा आयोजना हुने कार्यक्रममा सहभागी हुन उहाँ तनहुँ आउन लाग्नुभएको हो।

प्रधानमन्त्री देउवाले तनहुँको ऋषिङ गाउँपालिका-१ भ्रापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको निरीक्षणगर्ने कार्यक्रम रहेको प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले जानकारी दिनुभयो । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको जलविद्युत् आयोजनाको निरीक्षणपश्चात् प्रधानमन्त्री देउवाले निर्देशन दिने कार्यक्रम छ।

त्यसपछि प्रधानमन्त्री देउवा नेपाली कांग्रेस तनहुँको पार्टी कार्यालयमा आयोजित कार्यक्रममा सहभागी हुनुहुनेछ । लगत्तै उहाँले तनहुँ उद्योग वाणिज्य सङ्घको आयोजनामा सुरु हुने आठौं तनहुँ महोत्सवको उद्घाटन गर्ने कार्यक्रम रहेको प्रजिअ अर्यालले जानकारी दिनुभयो। प्रधानमन्त्री देउवाले बिहीबार नै ऋषिङ गाउँपालिकाको भवन उद्घाटन गर्नुहुनेछ। गाउँपालिकाले रु तीन करोड ५० लाखको लागतमा प्रशासकीय भवन निर्माण गरेको हो । उक्त भवनको उद्घाटन सकेर प्रधानमन्त्री देउवा काठमाडौं फर्किने कार्यक्रम तय भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

## जनताको मन जिते निर्वाचन जित्छौँ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, ९ चैत**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले जनताको मन जित्ने गरी काम गर्नुपर्ने बताउनुभएको छ। नेपाली कांग्रेस तनहुँ क्षेत्र नम्बर १ ले बुधबार आयोजना गरेको अन्तर्क्रियामा वरिष्ठ नेता पौडेलले जनताको मन जित्न सके निर्वाचन जित्न सकिने धारणा व्यक्त गर्नुभयो।

कांग्रेस हरेक जनताको घरघरमा पुगनुपर्ने बताउँदै जनतालाई कांग्रेसका बारेमा बुझाउनुपर्ने पौडेलको भनाइ थियो। 'निर्वाचन नजिकिँदै छ, अब गाउँगाउँमा पुगेर कार्यक्रम गर्नुपर्‍यो, बजार केन्द्रित हुनुभएन', उहाँले भनुभयो, 'कार्यकर्तालाई मात्र होइन जनतालाई कुरा बुझाउन सक्नुपर्छ।' पौडेलले जनताको मन जित्न अहिलेका मुद्दाहरूमा बहस गर्नुपर्ने बताउनुभयो । जनतालाई कांग्रेसका पक्षमा आकर्षित गर्नुपर्नेमा पौडेलको जोड दिनुभयो।

वरिष्ठ नेता पौडेलले अहिलेको स्थितिमा गठबन्धन आवश्यक रहेको उल्लेख गर्नुभयो। नेपालमा कांग्रेस ३० प्रतिशत र कम्युनिष्ट ७० प्रतिशत रहेको उल्लेख गर्दै कांग्रेसले जित्नका लागि गठबन्धन आवश्यक रहेको उहाँको भनाइ थियो। 'एक्लै जित्न सकिन्छ भने त किन चाहियो र गठबन्धन ? कांग्रेसको पक्षमा ५१ प्रतिशत मत छैन त्यही भएर गठबन्धन आवश्यक छ', पौडेलले भनुभयो । कांग्रेस एक्लै चुनाव लड्न खोजे कम्युनिष्टहरू मिल्न सक्ने खतरा रहेको उहाँको भनाइ थियो । विदेशी शक्ति कम्युनिष्ट मिलाउन लागिपरेको पौडेलले बताउनुभयो । केन्द्रीय सदस्य शंकर भण्डारीले कांग्रेस एक्लै निर्वाचनमा जानुपर्ने बताउँदै नेताहरूबीचको कमजोरी हटाउन आवश्यक रहेको उल्लेख गर्नुभयो। केन्द्रीय सदस्य गोविन्द भट्टराईले कांग्रेसको नीतिका कारण देश अगाडि बढेको बताउनुभयो।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं स्थानीय तह निर्वाचनका लागि खटिएका प्रतिनिधि मधु आचार्यले वैशाख ३० गते निर्वाचन हुनेमा ढुक्क रहन आग्रह गर्दै तयारी गर्न कांग्रेस कार्यकर्तालाई आग्रह गर्नुभयो । पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धा सकिएकाले अब पार्टीभित्र एकता गरेर प्रतिपक्षीसँग प्रतिस्पर्धा गर्नुपर्ने उहाँको भनाइ थियो । देशलाई अँध्यारो पर्दा निकास दिने पार्टी कांग्रेस रहेको दाबी गर्दै उहाँले हरेक वडामा घोषणापत्र बनाएर निर्वाचनमा होमिनुपर्नेमा जोड दिनुभयो। जिल्ला सभापति जितप्रकाश आलेले पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धालाई भुलेर पार्टीको अनुशासन र दायित्वलाई सम्झिएर चुनावमा होमिनुपर्ने बताउनुभयो। निवर्तमान सभापति वैकुण्ठ न्यौपानेले पार्टीको विधानविपरीत नजान आग्रह गर्नुभयो । कार्यक्रममा बन्दीपुर, व्यास, देवघाट, आँबुखैरेनी, भानुका सभापतिहरूले घर घर जाऔं : कांग्रेस जिताऔं अभियानअन्तर्गत भएका कार्यका बारेमा जानकारी गराउनुभएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# थपिदै अटेरी उम्मेदवार

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ चैत**

अटेरी उम्मेदवारको संख्या दिनानुदिन थपिदै छ । स्थानीय तहलाई दल रहित बनाउने उद्देश्य बोकेर पोखराबाट सुरु भएको अटेरी अभियानमा उम्मेदवारी दिनेको संख्या बढ्दै गएको हो ।

हालसम्म देशभर १ सय ५० जनाले आउदो स्थानीय तहबाट उम्मेदवारी घोषणा गरि सकेका छन् । पोखराबाट मात्रै १२ वडामा अटेरी उम्मेदवारी घोषणा भएको छ । 'तपाईंहरुलाई थाहै छ, अहिले अटेरी अभियानमा सामेल हुनेको संख्या दिनहुँ बढी रहेको छ ।

देशभर डेढ सय बढीको उम्मेदवारी घोषणा गरि सक्नु भएको छ,' अटेरी अभियानका निर्वाचन अभियान संयोजक हरि कार्कीले भने, 'अरु साथीहरुसँग पनि सल्लाह हुँदै छ । १९ गते अरु साथीहरुको पनि उम्मेदवारी घोषणा गर्ने कार्यक्रम छ ।'

स्थानीय तहमा कस्तो खालको विकासको मोडल बनाउन सकिन्छ भन्ने विषयमा अहिले व्यापक छलफल पनि चलि रहेको उनले बताए ।

पोखराबाट गनेस पौडेलले पोखरा महानगरको मेयर पदमा उम्मेदवारी घोषणा गर्दै सुरुआत गरेको यो अभियान अहिले देशव्यापी बनेको छ । पोखराका ३२ वडा मध्ये ३, ६, १०, ११, १३, १४, २०, २१, २४, २५, २६, २८ वडामा अटेरी अभियानको उम्मेदवारी घोषणा भई सकेको छ ।

# जुनियर टेनिसमा यु-१४ मा राजबिर, यु-१२ मा ब्रिजेश, तथा यु-८ मा आर्यशलाई स्वर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ चैत**

पोखरामा जारी मनुश्री-भिग्नाजित जेटीआई राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता-२०७८ अन्तर्गत १४ वर्ष मुनिको इभेण्टमा राजबिर प्रधानले स्वर्ण पदक जितेका छन् ।

कास्की जिल्ला टेनिस संघको आयोजनामा जारी प्रतियोगिता अन्तर्गत बुधबार भएको फाइनल खेलमा पोखराका दर्शिल श्रेष्ठलाई ६-२, ६-२ ले पराजित गर्दै नगद १२ हजार सहितको उपाधी जितेका हुन् । दोश्रो स्थानमै चित्त बुझाएका दर्शिल नगद ६ हजार सहित पुरस्कृत भए । १२ वर्ष मुनिको इभेण्टमा ब्रिजेश अर्यालले प्रथम, स्पर्श तिमिल्सीना क्षेत्रीले द्वितिय, अशाभ सम्राट हाडाले तृतीय भए । प्रतियोगिताका विजेता नगद ८ हजार तथा उप-विजेता नगद ५ हजार सहित पुरस्कृत भए । ब्वाइजकै १० वर्ष मुनिको इभेण्टमा विश्व डल्लाकोटी प्रथम, संघर्ष फोकदार द्वितिय, सन्दिप जिसी तृतीय, सनम सापकोटा चौथो भए । ८ वर्ष मुनिको ब्वाइज सिंगल उपाधी पोखराका आर्यश राज पौडेलले जिते । फाइलन खेलमा उनले पोखराकै नितेश थापालाई पराजित गर्दै नेपालको शिर्षस्थान कायमै राखे । प्रतियोगितामा निर्जल टण्डनले तेश्रो तथा सुभान केसीले चौंथो स्थान हाँसिल गरे । प्रतियोगिताका विजयी खेलाडीहरुलाई पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दिपक गोदार, कास्की जिल्ला टेनिस अभिभावक संघका सदस्य भिष्मराज पौडेल, अभिभावक प्रेमप्रकाश गौतम लगायतले पुरस्कार वितरण गरेका थिए । महिलातर्फका विभिन्न इभेण्टका फाइनल खेल तथा अन्य कन्सुलेसन खेलहरुपनि जारी रहेको प्रतियोगिता संयोजक नविन श्रेष्ठले जानकारी दिए ।



# नेपाली काग्रेस बैदाम ६ को अन्तरक्रिया कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ चैत**

नेपाली काग्रेस पोखरा महानगर पालिका वडा इकाई ६ द्धारा बुधबार टोल कार्यसमितिहरु सँग अन्तरक्रिया एंव छलफल कार्यक्रम सम्पन्न भएको छ ।

आउदै गरेको स्थानिय निर्वाचनमा टोल कार्यसमितिले गर्नु पर्ने काम कर्तव्य र टोलस्तरमा भए गरेका अधुरा सहित विकास निर्माणमा भएका काम र प्रगतिका बारेमा योजना तयार गर्ने उद्देश्यले टोलस्तरीय अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रममा बैशाखमा ३० गते हुने स्थानिय निर्वाचनमा नेपाली काग्रेसका तर्फ बाट उम्मेदबारलाई जिताउन टोलस्तर बाट हुने सहयोग । बुथ कमिटिमा गठन गर्नु पर्ने र बुथमा रहने ब्यक्तिले मतदाताहरु प्रति गर्ने ब्यवहार सहित कस्ता उम्मेदबारलाई पार्टिले टिकट दिलाउदा उम्मेदबारले चुनाब जित्न सक्छ । पार्टि भित्र एकरुपता ल्याउने, आर्थिक सुशासन कायम गराउने, मतदाताहरु सगँ समयमै पुग्न ग्यारेन्टीसहित अन्य निकास र समाधानको विषयमा छलफल गरिएको थियो । नेपाली काग्रेसमा महाधिबेशन प्रतिनिधि डा.कृष्ण प्रसाद पौडेलले 'घर घरमा जाउ काग्रेसलाई जिताउ' भन्ने उदेश्यले कार्यक्रमको आयोजना गरिएको जानकारी दिदै टोलमा काग्रेस मजबुत भएमा मात्र काग्रेसका उम्मेदबारले चुनाब जित्ने हुदा, काग्रेसीहरुलाई टोल मुखी हुन आग्रह गरे । टोलमा भएका विकास निर्माण कार्यहरु सहित काग्रेसको गतिविधिका बारेमा जानकारी दिनुपर्नेमा जोड दिए । निर्वाचनसम्म पुग्न ढिलाई हुने गरेको पाईएकाले समयमै नेपाली काग्रेसका उम्मेदबारहरु मतदाताहरुको घरदैलोमा पुर्‍याउने योजना बनाउने उद्देश्यले अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको इकाइ सभापति सन्तोष पौडेलले जानकारी दिए । गरिजा प्रसाद कोइराला टोल समितिका सभापति गुरुदत्त कोइरालको सभाअध्यक्षमा भएको कार्यक्रममा सचिब प्रकाश न्यौपाने, पूर्व वडा अध्यक्ष होमबहादुर लामिछाने, मिडिया सल्लाहकार गणेश पहारी सल्लाहकार तेजनारायण पराजुलि, सल्लाहकार नेत्रपाणि न्यौपाने, सल्लाहाकार जनकलाल श्रेष्ठ क्षेत्रिय प्रतिनिधि सावित्री तिमिलसीना, पूर्व क्षेत्रिय उपसभापति मोति प्रसाद ढङ्गाना, प्रदेश प्रतिनिधि लक्ष्मी बहादुर भट्टराई, क्षेत्रिय प्रतिनिधि लोकराज पहारी, चुडामणि अधिकारी र विष्णु प्रसाद पहारी लगाएतका बक्ताहरुले अरुहरुको बहकाउमा नलागि काग्रेसले उठाएका उम्मेदबारहरुलाई जिताउनु पर्नेमा जोड दिएका थिए ।

# मन्त्री...

दिनुभयो । अभिनेता खानले आफू काठमाडौँको दशरथ रङ्गशालामा हुने कार्यक्रमका लागि आगामी जेठ १४ गते नेपाल आउन लागेको जानकारीसमेत दिनुभयो । साथै उहाँले यसअघि पटकपटक नेपाल आउन आग्रह गरिएको भए पनि विभिन्न परिस्थितिका कारण समय नमिलेर आउन नसकेको र यसपटक आउन एकदमै उत्साहित रहेको बताउनुभयो । करिब १० मिनेट भएको उक्त भिडियो संवाद (भर्चुअल कुराकानी) मा मन्त्री आलेले आफू अभिनेता खानको ठूलो प्रशंसक रहेको र प्रायः अधिकांश चलचित्र हेरेको तथा खान विश्व चर्चित अभिनेता भएका कारण उहाँले नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुर्‍याउँदा देशलाई ठूलो फाइदा हुने बताउनुभएको थियो । आगामी जेठ १४ गते दशरथ रङ्गशालामा हुने 'दबङ रिलोडेड टुर'का लागि ओडिसी इन्टरटेनमेन्टले भारतीय अभिनेता खानलाई नेपाल ल्याउन लागेको हो ।

# पोखरा-३३ मा समाजबादीको मुक्ति संगठन गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ चैत**

नेपाल कम्युनिष्ट पाटी (एकीकृत समाजवादी) को जनवर्गीय संगठन नेपाल दलित मुक्ति संगठन पोखरा-३३ मा बुधबार गठन गरिएको छ । उक्त वडा भेलाले बल बहादुर नेपालीको अध्यक्षतामा २१ सदस्यीय कार्यसमिति गठन गरेको छ ।

समितिको उपाध्यक्षमा मिन बहादुर नेपाली, सचिवमा राजेश परियार, उपसचिवमा चन्द्रमणि वि.क., सदस्यहरुमा सुमन नेपाली, अर्जुन वि.क., सा. बल बहादुर नेपाली, शंकर नेपाली, राजु नेपाली, नेत्र बहादुर नेपाली, दामोदर घताने, रामचन्द्र लामगादे, अर्जुन लामगादे, सुनिल वि.क. आदि रहनु भएको छ ।



उक्त भेलामा मुक्ति संगठनका केन्द्रीय उपमहासचिव साथै पार्टी जिल्ला कमिटिका सचिव होम नेपाली प्रमुख अतिथिको आशनबाट बोल्दै संविधानले हक अधिकार प्रदान गरेतापनि विभिन्न विभेद खेप्न बाध्य छौं यसको लागि संगठित भएर अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा विशेष अतिथि मुक्ति संगठन कास्कीका अध्यक्ष साथै पार्टी जिल्ला कमिटिका सदस्य एल.पि. घतानेले समाजवादी पार्टीले मात्र समाजका सबै खाले विभेदको अन्त्य गर्दै अग्रगामी दिशा तर्फ अगाडि बढ्ने लक्ष्य लिएको हुँदा सबै यसै पार्टीमा आवद्ध हुनुपर्नेमा जोड दिनुभयो । वडा कमिटि ३३ का अध्यक्ष प्रमोद आचार्यले जातिय विभेद अन्त्यको लागि सबै एक भएर लाग्नुपर्नेमा जोड दिनुभयो । उक्त भेलामा मुक्ति संगठन कास्कीका कोषाध्यक्ष भेषराज वि.क.ले स्वागत मन्तव्य राख्नुभएको थियो भने मुक्ति संगठन महानगरका सचिव शिवराज पटेलले संचालन गर्नुभएको थियो ।

# पोखरेली व्यवसायीलाई अमेरिका यात्रामा सहजीकरण गर्ने काउन्सिलर अस्टिनको आश्वासन

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ चैत**

नेपालस्थित अमेरिकी राजदूतावासका काउन्सिलर उपप्रमुख अस्टिन रिच्ची एलनले उद्योगी/व्यवसायीहरुका लागि अमेरिकी भिसा प्रक्रियामा सघाउने वचनवद्दता व्यक्त गरेका छन् ।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालासहित पदाधिकारीसँग बुधबार भएको भेटमा उनले संघको सिफारिस अनुसार सिक्न र व्यवसाय विस्तारको लागि अमेरिका जान चाहने पोखरेली व्यवसायीहरुलाई भिसा प्रक्रियामा सहजीकरण गरिने बताएका हुन् । यसअघि पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले संघको सिफारिसमा व्यवसाय विस्तारको उद्देश्यले अमेरिका जान चाहने व्यवसायीहरुलाई सहजीकरण गर्न आग्रह गरेका थिए ।

'व्यवसायीहरु व्यवसाय बिस्तार गर्न,नयाँ ज्ञान आर्जन गर्न नै भ्रमणमा जाने हो',अध्यक्ष कोइरालाले भनेका थिए,'संघका सदस्यहरुको हकमा हामीले ग्यारेण्टी लिएका हाम्रा सदस्य उद्योगी/व्यवसायीको भिसा प्रक्रिया सहजीकरण गरियोस्, व्यवसायी फर्कने जिम्मा हामी लिन्छौँ ।' उनले महिला उद्यमशीलता बढाउन महिला उद्यमीको टोलीलाई विभिन्न व्यावसायिक मेला/प्रदर्शनीमा भाग लिने अवसरको लागि अनुरोध पनि गरे । अध्यक्षको अनुरोधप्रति भिसा काउन्सिलर अस्टिन सकारात्मक बने । अन्तरक्रिया कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष पवनकुमार प्रजापति, उद्योग उपाध्यक्ष गोकर्ण कार्की,वाणिज्य उपाध्यक्ष अर्जुन पोखरेल,महासचिव सुरेन्द्रमान विजुक्छे,कोषाध्यक्ष बलराम आचार्य, कार्यसमिति सदस्य तथा महिला उद्यम विकास समिति संयोजक कुमारी मुना बास्तोलालगायतको उपस्थिति थियो । उनीहरुले अमेरिकी बजारमा भन्सार छुट पाएका सामानहरु पठाउनकै लागि पनि त्यहाँको बजार अवस्था बुझ्नु,प्रविधिको जानकारीसहित उत्पादकत्व बढाउनेको लागि पनि अध्ययन र भ्रमण जरुरी रहेको बताएका थिए ।

# भूमि व्यवस्थामन्त्री श्रेष्ठद्वारा गाउँ ब्लक पुर्जा वितरण

**पोखरापत्र संवाददाता**
**दमौली, ९ चैत**

तनहुँको बन्दीपुर गाउँपालिका-६ धरमपानीका सर्वसाधारणलाई गाउँ ब्लक पुर्जा वितरण गरिएको छ । साविक धरमपानी गाउँ विकास समितिअन्तर्गत वर्षौंदेखि जोतभोग गर्दै आएका भूमिहीनलाई आज नापी कार्यालयले गाउँ ब्लक जग्गाको धनी पुर्जा वितरण गरेको हो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशि श्रेष्ठले ४६ जग्गाधनीलाई पुर्जा वितरण गर्नुभएको हो । सो अवसरमा मन्त्री श्रेष्ठले देशभर नापी भइसकेका गाउँ ब्लकका नागरिकलाई पुर्जा वितरण गर्ने अभियान सुरु गरिएको बताउनुभयो ।

भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि राष्ट्रिय भूमि आयोग गठन गरिएको र आयोगमार्फत सुकुम्बासीलाई लालपुर्जा प्रदान गरिने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । नापी कार्यालय तनहुँका प्रमुख कृष्ण आचार्यले ब्लकमा परेका व्यक्तिहरुलाई लालपूर्जा वितरण गरिएको जानकारी दिनुभयो । कार्यालयले विगतमा पनि जिल्लाका विभिन्न ठाउँका सर्वसाधारणलाई गाउँ ब्लक पुर्जा वितरण गरेको उहाँले बताउनुभयो । पुर्जा पाएपछि स्थानीयवासी खुसी भएका छन् । पुर्जा नहुँदा उनीहरु व्यक्तिगत काम, बैंकबाट ऋण लिने, धितो राख्ने, बेचबिखन गर्न, अंशबण्डा गर्नबाट वञ्चित थिए ।

विसं २०२९ देखि २०३२ सम्म तनहुँमा पहिलो पटक नक्सा नाप गरिएको थियो । तत्कालीन समयमा बाक्लो बस्ती बसेको ठाउँ र बस्ती नबसेको ठाउँमा गाउँ ब्लक भनेर एउटै कित्तामा जग्गा नापी गरिएको थियो । एकै ठाउँमा धेरै घर भएका ठाउँमा नाप नक्सा हुन छुट भएको थियो । उक्त समयमा ती जग्गामा ब्लक नं लेखिएको थियो । नापी कार्यालयले अहिले त्यही ब्लक नं नापेर भोगका आधारमा पुर्जा वितरण गरेको हो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# एमालेको चुनावी तयारी

नेकपा एमालेको पक्षमा जनलहर रहेको विभिन्न पार्टीबाट प्रवेश गर्नेले देखाएको छ । सत्तारुढ दलबीच गठबन्धनको तयारी गरेका छन्। एमालेका नेताहरू आगामी चुनाव जित्ने गरि अभियानमा व्यस्त छन् । एमाले नेताहरू स्थानीय स्तरमा तालमेलका आधारमा चुनाव जित्ने गृहकार्यमा लागिसकेका छन् । आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा भित्रभित्रै अन्य दलसँग तालमेल गरेर चुनावी नतिजा आफ्नो पक्षमा पार्ने रणनीतिलाई एमालेले प्राथमिकता दिने देखिन्छ । २०७४ को निर्वाचनमा देशभरका स्थानीय तहमा ४२ प्रतिशत जितेको एमाले यो निर्वाचनसम्म आइपुग्दा सग्लो छैन । माधव नेपालले नेकपा एकीकृत समाजवादी नामक फरक पार्टी बनाएका छन् । नयाँ पार्टीले हालसम्म निर्वाचनमा भाग नलिएका कारण यसको शक्ति कति हो भन्ने परीक्षण भएको छैन । त्यसैले आगामी निर्वाचनमा माधव फ्याक्टरले कति असर गर्ला भन्ने हिसाबकिताबमा एमाले नेताहरू व्यस्त छन् ।

माधवकुमार नेपालले पार्ने घाटा पुर्न अन्य पार्टीबाट प्रवेश गर्ने धेरै छन । दिनहुँजसो एमाले प्रवेश गर्ने संख्याले उत्साहित बनाएको छ। चैत ७ गते बसेको एमाले पोलिटब्युरो बैठकमा घनश्याम भुसाल, रघु पन्त लगायतका केही नेताले वाम तालमेल गरेर चुनावमा जानुपर्नेमा विशेष जोड दिएका छन । भुसालले त पार्टी एकता नै गरेर जानुपर्ने प्रस्ताव राखेका छन । विगतमा एमालेमा १० बुँदे पक्षधर भनेर चिनिएका धेरै नेता कार्यकर्ता अहिले पनि सके पार्टी एकता, नभए पनि वाम तालमेलको पक्षमा छन् । ओली अहिले नै केन्द्रीयस्तरमा वाम तालमेल वा गठबन्धनको कुरा गर्दा एमाले कमजोर भएको सन्देश जाने भन्दै राष्ट्रियस्तरमा तालमेलको उच्चारण गर्न चाहिरहेका छैनन् । सोमबारको पोलिटब्युरो बैठकपछि उपमहासचिव समेत रहेका प्रचार विभाग प्रमुख पृथ्वी सुब्बा गुरुङले राष्ट्रियस्तरमा कुनै पनि दलसँग चुनावी तालमेल गर्ने नीतिमा एमाले नरहेको बताए । तर उनले स्थानीयस्तरमा आवश्यकता अनुसार जतिसुकै र जुनसुकै दलसँग तालमेल गर्न सकिने सन्देश सञ्चारकर्मीमार्फत दिए ।

चुनावी तालमेलका लागि ठोस नीतिसहित जानुपर्छ भन्ने धारणा एमालेमा आए पनि 'हामी हाम्रै शक्तिमा विश्वास गर्छौं र सबै स्थानीय तहमा एमालेको एकल बहुमतको सरकार निर्माण गर्नतर्फ केन्द्रित हने एमालेको तयारी छ । स्थानीय तहमा जहाँ-जहाँ सम्भव छ, औचित्य र आवश्यकता पुष्टि हुन्छ, त्यहाँ तालमेल हुनसक्छ । सिट जित्न स्थानीयस्तरमा जुनसुकै दलसँग तालमेल गर्न तयार छ भन्ने सहजै बुझिन्छ । केन्द्रीय तहमा कुनै निर्णय नगर्ने तर स्थानीय स्तरमा आवश्यकताअनुसार गर्न सक्ने छ' गठबन्धनलाई आफ्नो तागत देखाउन पनि एमालेले अघिल्लो चुनावको परिणामलाई कायमै राख्नुपर्ने चुनौती विद्यमान छ । 'स्थानीय निर्वाचनमा आवश्यकताअनुसार जुनसुकै दलसँग पनि तालमेल हुन सक्छ तर वाम गठबन्धन हुँदैन ।

'हामी जित्छौं, त्यो मनस्थिति बनाएर चुनावमा जानुपर्छ ।' वडादेखि प्रदेश कमिटीले गरेको रिपोर्टिङका आधारमा कुन कुन ठाउँमा तालमेल गर्ने भन्ने निर्णय पार्टीले गर्छ । त्यसका लागि गाउँ कमिटीदेखि, जिल्ला र प्रदेशलाई रिपोर्ट तयार गरेर बुझाउन भनिएको छ । त्यसलाई औपचारिकता दिन केन्द्रीय कमिटीमा छलफल गरेर निर्णयसहितको सर्कुलर जारी गर्ने एमालेको तयारी छ । त्यस्तो रिपोर्ट बुझाउन चैत महिनाभरको समयसीमा तोकेर निर्देशन दिने तयारी भएको छ । त्यसो गर्दा आएको रिपोर्टको आधारमा कुनै पनि दलसँग तालमेल गर्दा एमालेलाई फाइदा हुन्छ भने तालमेल गर्न पार्टीले नरोक्ने नीति लागु गर्ने भित्री योजना छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : व्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : मन चञ्चल |
| सिंह | : मानसिक तनाव | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।

# योगले मानवलाई तन्दुरुस्त बनाउँछ : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
तनहुँ, ९ चैत

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले योगले मानवलाई तन्दुरुस्त बनाउन महत्वपूर्ण सहयोग पुऱ्याउने बताउनुभएको छ ।

तनहुँको आँबुखैरेनी गाउँपालिकाद्वारा आयोजित योग शिविरको आज समापन गर्दै उहाँले योग जीवनको अभिन्न अङ्ग भएकाले यसलाई नियमितरूपमा सञ्चालन गर्नुपर्छ भन्नुभयो। उहाँले भन्नुभयो, "योग शिविर ठाउँ-ठाउँमा सञ्चालन गरेर यसको महत्वका बारेमा उजागर गर्नुपर्छ ।" आँबुखैरेनी गाउँपालिकाका अध्यक्षगिरबहादुर थापाले योगको महत्वलाई बुझेर गाउँपालिकाले योग शिविर सञ्चालन गरेको बताउनुभयो । उपाध्यक्ष पुष्पादेवी श्रेष्ठले शिविरका क्रममा मात्रै नभई दैनिकरूपमा योग गर्नुपर्नेमा जोड दिनुभयो ।

यही चैत ३ गतेदेखि सुरु योग शिविरमा दैनिक ६०० भन्दा बढीको सहभागिता रहँदै आएको थियो । गाउँपालिकाका सूचना प्रविधि अधिकृत निरोज श्रेष्ठका अनुसार शिविरमा जनप्रतिनिधि, कर्मचारी, सर्वसाधारण, शिक्षक सहभागी थिए।

# अठतीस संक्रमित थपिए

राासस
काठमाडौं, ९ चैत

पछिल्लो २४ घण्टामा ३८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको बुलेटिनअनुसार पाँच हजार ३७६ मा कोरोना परीक्षण गर्दा ३८ जनामा सङ्क्रमण पुष्टि भएको हो। मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजार ४५३ रहेका छन् । पछिल्लो समय २६९ जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुने सङ्ख्या नौ लाख ६३ हजार ५९२ पुगेको छ। यो दर ९८.५ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

बुधबार सङ्क्रमणबाट कसैको पनि निधन भएको छैन । मन्त्रालयका अनुसार २०० भन्दा बढी सङ्क्रमित भएका जिल्लामा ललितपुर र काठमाडौं रहेका छन् । शून्य सङ्क्रमित भएको नौ जिल्ला धनकुटा, सङ्खुवासभा, मनाङ, मुस्ताङ, रुकुम पूर्व, बाजुरा, डोल्पा, हुम्ला र जुम्ला छन् । नेपालमा सङ्क्रमण दर १७.७ प्रतिशत छ । हाल होमआइसोलेसनमा दुई हजार ४०९, संस्थागत आइसोलेशनमा ४४,आइसियुमा २१ र भेन्टिलेटरमा दुई जनाको उपचार हुँदैछ । विगत २४ घण्टामा ९७ हजार ३०६ जनाले खोप लगाएका छन् ।

# महिला राष्ट्रिय क्रिकेट : गण्डकी प्रदेश फाइनलमा

राासस
काठमाडौं, ९ चैत

धनगढीमा जारी मुख्यमन्त्रीकप यु-१९ महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको आज भएको खेलमा गण्डकी प्रदेश फाइनलमा प्रवेश गरेको छ । आफ्नो समूह चरणको अन्तिम खेलमा मधेस प्रदेशलाई २० रनले पराजित गर्दै गण्डकी उपाधि नजिक पुगेको हो ।

फाप्ला क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गर्ने निर्णय गरेको गण्डकीले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १०७ रनको योगफल तयार पाऱ्यो । १०८ रनको विजयी लक्ष्य पछ्याएको मधेस प्रदेशले २० ओभरमा छ विकेट गुमाएर ८७ रन मात्रै बनाउन सक्यो ।

मधेश प्रदेशका लागि एलिशा यादवले अविजित ३१ र साना प्रवीणले २१ रन बनाइन् । बलिङतर्फ गण्डकीकी कुसुमगोदरले दुई र ज्योत्स्नीका मरासिनी तथा आकृति तिवारीले समान एक/एक विकेट लिए ।

त्यसअघि गण्डकीका लागि ज्योत्स्नीका मरासिनीले ३४ बलमा आठ चौकाको मद्दतले ४३ रनको पारी खेलिन् । उसका आइपेम्बलुम्बा शेर्पाले १७ रन बनाइन् । बलिङतर्फ मधेस प्रदेशकी प्रतिमा शाह, साना प्रविन र विमला मगरले समान दुई/दुई विकेट लिए । खेलको 'प्लेयर अफ दी म्याच' ज्योत्स्नीका मरासिनी चुनिइन् ।

दोस्रो खेलमा सान्त्वना जीत निकालेको लुम्बिनी प्रदेशले कर्णाली प्रदेशको फाइनल यात्रामा अङ्कुश लगाइदिएको छ । यो खेल जितेको खण्डमा आफ्नो समूह चरणको एक खेलअगावै समूह विजेता बनेर कर्णाली प्रदेशलाई फाइनल प्रवेश गर्ने अवसर थियो । तर लुम्बिनी प्रदेशसँग पाँच विकेटले पराजित भएको कर्णालीले अब बिहीबारको खेल कुर्नुपर्ने भएको छ । टस जितेर ब्याटिङ थालेको कर्णालीले १९.४ ओभरमा आफ्ना सबै विकेट गुमाएर ७२ रन बनायो ।

७३ रनको विजयी लक्ष्य पछ्याएर जवाफी ब्याटिङ थालेको लुम्बिनीले १४.३ ओभरमै पाँच विकेट गुमाएर लक्ष्य भेट्यायो । लुम्बिनीका लागि रञ्जु श्रेष्ठले २९ रनको योगदान दिइन् । बलिङतर्फ कर्णालीकी अञ्जली थापा र तिर्सना विश्वकर्माले समान दुई/दुई विकेट लिए। त्यसअघि कर्णालीका लागि किरणकुमारी कुँवरले २१ रन बनाउनुबाहेक अन्य ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन्। बलिङतर्फ लुम्बिनीलाई सान्त्वना जीत दिलाउन आष्मा पुलामीमगरले ४ ओभर बलिङ गर्दै एक मेडनसहित छ रन खर्चेर तीन महत्वपूर्ण विकेट लिइन् । उनी खेलको 'प्लेयर अफ दी म्याच' घोषित भइन् । समूह चरणको अन्तिम खेलमा बिहीबार सुदूरपश्चिम र बागमती प्रतिस्पर्धा गर्नेछन् । एक/एक जीत मात्रै निकालेका यी दुई टोलीमध्ये विजेता टोलीले कर्णाली प्रदेशसँग अङ्क बराबरी गर्नेछन्। उक्त खेलपछि रन रेटका आधारमा गण्डकी प्रदेशसँग उपाधि भिड्न्त गर्ने टोलीको टुङ्गो लाग्नेछ ।

नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले रु पाँच लाख र दोस्रो हुनेले रु तीन लाख नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा सात प्रदेशका १९ वर्ष मुनिको महिला राष्ट्रिय क्रिकेट टिमका खेलाडीको सहभागिता रहेको छ ।

# अध्यादेश जारी भएसँगै रेल सेवा सञ्चालनको तयारी

रासस
काठमाडौं ९ चैत

रेलसम्बन्धी अध्यादेश पुनः जारी भएसँगै जयनगर-जनकपुरसम्म रेल सञ्चालनको बाटो खुलेको छ । सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले रेल्वे अध्यादेश, २०७८ जारी गरेपछि रेल सेवा सञ्चालनको तयारी गरिएको हो ।

यसअघि गत मङ्सिरमा नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम जारी भएको रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश सङ्घीय संसद्बाट पारित हुन नसक्दा स्वतः निष्क्रिय भएको थियो । संसद् अधिवेशन अन्त्य भएसँगै सरकारको सिफारिसमा राष्ट्रपति भण्डारीले मङ्गलबार पुनः रेल्वे अध्यादेश जारी गरेपछि रेल सञ्चालन गर्ने बाटो खुलेको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले बताउनुभयो ।

रेल्वे अध्यादेश जारी भइसकेकाले अबको केही दिनभित्रै रेल सेवा उद्घाटनको मिति तय हुने उहाँले बताउनुभयो।प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा भर्चुअल माध्यमबाट उद्घाटन गर्ने तयारी भइरहेको महाप्रबन्धक झाले बताउनुभयो । "अध्यादेश निस्क्रिय भएपछि रेल सेवा सञ्चालन गर्न कठिनाइ भएको थियो", महाप्रबन्धक झाले भन्नुभयो, "अध्यादेश पुनः जारी भएपछि बाटो खुलेको छ ।"

गत फागुन १ गतेदेखि जयनगर-जनकपुरसम्म यात्रुविहीन रेल दैनिक एकपटक सञ्चालन भइरहेकामा अहिले एक महिनामा १५ दिनमात्र चल्न थालेको छ । "प्राविधिकरूपमा सबै तयारी भइसकेको छ, कर्मचारी नियुक्त भएर काममा खटिएका छन्", उहाँले भन्नुभयो, "भाडादर पनि निर्धारण भइसकेको छ ।" जनकपुर-कुर्था-जयनगरसम्म सामान्यतर्फ प्रतियात्रु रु ७० र वातानुकुलित सिटमा रु ३०० भाडा निर्धारण गरिएको छ।

# आठौं तनहुँ महोत्सव

पोखरापत्र संवाददाता
तनहुँ, ९ चैत

तनहुँको सदरमुकाम दमौली नयाँ दुलही झैं सिङ्गारपटार गरिएको छ । यही चैत १० देखि २० गतेसम्म हुन गइरहेको आठौं तनहुँ महोत्सव दमौलीमा हुन लागेकाले बजार क्षेत्रलाई सिङ्गारिएको हो ।

दमौलीको ट्राफिक चोकमा मुख्य स्वागत गेट निर्माण गर्नुकासाथै सडकका दायाँबायाँ किनारमा रङ्गरोगन गरी चिटिक्क बनाइएको छ । बजार क्षेत्रदेखि महोत्सवस्थलसम्म ध्वजापताका टाँगेर झिलिमिली र आकर्षक बनाइएको छ । 'महोत्सव हाम्रो आधार, आर्थिक सामाजिक विकासको पूर्वाधार' भन्ने मूल नाराका साथ तनहुँ उद्योग वाणिज्य सङ्घको आयोजना तथा दमौली बजार इकाइ समितिको सहआयोजनामा उक्त महोत्सवको आयोजना गरिएको हो । प्रधानमन्त्री शेरबहादुर देउवाले महोत्सवको उद्घाटन गर्ने कार्यक्रम रहेको छ । व्यासनगरपालिका-३ विपी वनवाटिकामा आयोजित महोत्सवस्थलमाप्रदर्शनीकक्षनिर्माण र बुकिङ कार्य अन्तिम चरणमा पुगेको छ । व्यासनगरपालिका-३ विपी वनवाटिकामा आयोजना हुने महोत्सवस्थलमा स्टल, स्टेज निर्माण, बुकिङ कार्य र महोत्सवको तयारी अन्तिम चरणमा पुगेको सङ्घका प्रथम उपाध्यक्ष एवं प्रवक्ता इमकुमार मल्लले जानकारी दिनुभयो । जिल्लाको प्रवेश नाका पूर्वतर्फको आँबुखैरेनी र पश्चिमतर्फको कोत्रे क्षेत्रमा स्वागत गेट निर्माण गरिएको छ । व्यापारिक प्रयोजन र कृषि, हस्तकला लगायतका गरी दुई सय दश स्टल निर्माण गरिएको छ । ऐतिहासिक, धार्मिक र सांस्कृतिक पर्यटकीयस्थलहरूको पहिचान गरी प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सवको आयोजना गरिएको तनहुँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष एवं महोत्सव मूल समारोह समितिका संयोजक श्रेष्ठले बताउनुभयो । महोत्सव अवधिभर करिब तीन लाख दर्शकले महोत्सव अवलोकन गर्नाका साथै करिब रु ६ करोड बराबरको आर्थिक कारोबार भई रु १५ देखि २० लाखसम्म बचत गर्ने लक्ष्य राखिएको छ ।

महोत्सवस्थलमा एकजना डा सहितको प्राथमिक उपचार स्टल एम्बुलेन्स तयारी अवस्थामा राखिनेछ भने एउटा एम्बुलेन्स स्ट्यान्डबाई राखिनेछ । स्थानीय स्तरमा उत्पादित कृषि, घरेलु, हस्तकला उत्पादनलाई बढ्वा दिँदै लोपोन्मुख भाषाभाषी, कलासंस्कृतिको संरक्षणमा महोत्सवले पथ टेवा पुग्ने विश्वास लिइएको छ । त्यसैगरी लोपोन्मुख बन्दै गएका कौडा, बालन नाच, पाउदुरे, टाकटुके, लाखे नाचलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो । महोत्सवमा स्थानीय कलाकारदेखि राष्ट्रियस्तरका ख्यातिप्राप्त कलाकारहरूको सहभागिता रहनेछ ।

# बुढेसकालमा सहाराविहीन ९६ वर्षीय थापा दम्पती

रासस
म्याग्दी, ९ चैत

बेनी नगरपालिका-२ बगरफाँटका ९६ वर्षीय खड्गबहादुर थापा र उहाँकी श्रीमती खिरकुमारी थापा साहारा विहीन बन्नुभएको छ ।

९६ वसन्त पार गरे पनि जीवनमा कहिल्यै सुखको महसुस गर्न नसक्नुभएका खड्गबहादुरले विरक्तिएर पटकपटक आत्महत्या गर्ने सोच बनाए पनि श्रीमती खिर कुमारीले नमानेपछि अहिलेसम्म बाँचेको सुनाउनुभयो । "बुढेसकालमा सहाराविहीन भएर बाँच्नु पर्दा निकै ठूलो पीडा हुँदोरहेछ," उहाँले भन्नुभयो, "यही पीडा सहन नसकेर पटकपटक म्याग्दी खोलामा हेलिएर दुवैजना मरौं भनेर श्रीमतीलाई भनें तर उनी मान्दैमानिनन् र अहिलेसम्म बाँचिएको छ ।"

बाहिर देख्दा स्वस्थ शरीर र हँसिलो अनुहारमा देखिने ९६ वर्षीय थापाको मनभित्र पीडा र दुःखको खहरे नै गड्गडाइरहेको महसुस गर्न सकिन्छ । लट्ठीको सहाराले गाउँ घुम्ने र इष्टमित्रले दिएका अन्न, तरकारी, दूध, दही ल्याएर खाने गर्नुभएका थापाको निधारमा चन्दन त कहिल्यै छुट्दैन् तर सहाराको बन्धन (श्रीमती) आफूभन्दा पहिला छुट्लिन् (मृत्युहोला) कि भन्ने चिन्ताले थापा पिरोलिइरहनुहुन्छ। सम्पत्तिका नाममा थापाको न बास छ, न खाने गाँस (अन्न) । आफ्नै भाइको गोठमा बुढेसकालका दिनहरू बिताइरहनुभएका थापा दम्पतीका सन्तान छैनन् । विवाह भएर गएकी एउटी छोरी पनि मुख नबोल्ने (अपाङ्ता भएकी) छन् । बिरामी हुँदा र साह्रोगाह्रो पर्दा दाजुभाइका छोराहरू दुर्गाबहादुर थापा र हिराबहादुर थापाले हेर्ने गर्नुहुन्छ । ३८ वर्षअघि २०४० सालमा आफ्नो छोरा मीनबहादुर थापाको युवावस्थामा नै मृत्यु भएपछि थापा दम्पतीको जीवनमा कहिल्यै निको नहुने घाउ (पीडा) थपियो । त्यतिबेला त जेनतेन सहेर बस्नुभयो तर बुढ् यौलीले गाँज्दै गएपछि र काम गर्न नसक्ने भएपछि त्यही घाउ (छोरा नहुनुको पीडा) उकुच बनेर चहराइरह्यो, दुःखी रहयो ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. २३ बाम्दी ठाडोबाटो मगरगाउँ चापाकोट सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः बाम्दी ठाडोबाटो मगरगाउँ चापाकोट**
**स्थानः पोखरा-२३ कास्की**
**योजना सम्झौता मिति : २०७८/०९/१४ गते**
**योजना सुरु मितिः २०७८/०९/१५ गते**
**योजना सम्पन्न मिति : २०७८/१२/२९ गते**
**योजनाको कुल लागत : रु. ७८६७७८८८**
**वडाबाट विनियोजित रकम : रु.७,००,०००/-**
**जनश्रम (उपभोक्ता) : रु. ८६७७८८८**
**उपभोक्ता समिति अध्यक्षः डिल्ले कामी**
**सचिवः ज्ञान ब. राना कोषाध्यक्षः सावित्री देवकोटा**
**सदस्यः रेखा देवकोटा, ठाकुर प्र. पौडेल, नर बहादुर घतानेे, नेत्रपाणी देवाकोटा**

**बाम्दी ठाडोबाटो मगरगाउँ चापाकोट उपभोक्ता समिति**
**पोखरा-९ कास्की**

